नेपाली राजदूतावास
EMBASSY OF NEPAL
EMBAJADA DE NEPAL
Madrid, Spain

# प्रहरी प्रतिवेदन (Police Report) लिगलाइज सम्बन्धी सूचना।

नेपली राजदूतावास म्याड्रिडले स्पेनको परराष्ट्र मन्त्रालयलाई प्रहरी प्रतिवेन (Police Report) अनलाइनबाट लिन र भेरिफिकेसन (Verification) गर्न सकिने व्यवस्थाको बारेमा जानकारी गराएको र सो सम्बन्धमा, राजदूतावासले यहाँको सम्बन्धित निकायसँग गरेको समन्वय र छलफल पश्चात देहायबमोजिमका विषयहरुमा भएका अद्यावधिक व्यवस्थाहरुका बारेमा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरेका छौं।

## १. Residency तथा Work Permit को लागि प्रहरी प्रतिवेदन (Police Report):

हाल स्पेनमा रहनुभएका नेपालीहरुले प्रहरी प्रतिवेदन म्याड्रिड स्थित स्पेनको परराष्ट्र मन्त्रालयको Ministero de Asuntos Exteriores Departamento Legalizacion बाट लिगलाइज गर्नुपर्ने व्यवस्था रहेकोमा, **अब उपरान्त Residency तथा Work Permit का लागि चाहिने प्रहरी प्रतिवेदन (Police Report) लिगलाईजेसन नगराई सिधै सम्बन्धित निकायमा पेश गर्न पाउने व्यवस्था भएको जानकारी गराउन चाहन्छौं।** सो प्रयोजनको लागि निवेदक आफैले Online बाट QR code सहितको प्रहरी प्रतिवेदन ( Police Report) रङ्गीन प्रिन्ट गरी सम्बन्धित निकायमा तोकिएबमोजिम पेश गर्न सक्नुहुनेछ।

## २. अन्य कार्यको लागि प्रहरी प्रतिवेदन (Police Report):

अन्य (**Residency** तथा **Work Permit** बाहेक) कार्यका लागि प्रहरी प्रतिवेदन ( Police Report) पुरानै तरिकबाट लिगलाइज गर्नुपर्ने जानकारी गराउन चाहन्छौं ।

**पुनश्चः** नेपाली राजदूतावास म्याड्रिडले स्पेनमा रहनुभएका नेपालीहरुको लिगलाइज गर्नुपर्ने कागजातहरु संकलन गरी प्रत्येक सोमबार( बिदाको दिन बाहेक) यहाँको Ministero de Asuntos Exteriores Departamento Legalizacion मा लिगलाईज गरी सहजीकरण गर्ने कार्य निरन्तर रुपमा गरी रहेका छौं। यी विषयहरुमा थप प्रश्न भएमा दूतावासमा सम्पर्क गर्नुहुन अनुरोध छ।

नेपाली राजदूतावास,
म्याड्रिड, स्पेन
२० जनावरी २०२१।

नेपाली राजदूतावास
म्याड्रिड

C/ General Oraá – 3, Bajo Izquierda 28006, Madrid. Phone No.0034-911038285, Fax:0034-911038289 E-mail: eonmadrid@mofa.gov.np